## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०९/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रतिवादी** बृज किशोर यादव, समेत कूल ६ जना। विशेष अदालत मुद्दा नं.०८०-CR-००६६ विशेष अदालत फैसला मितिः२०८१।०२।११ | सरकारी कागजात लुकाई गैरकानूनी तरिकाले निबृतिभरण दिलाई भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा देहाय बमोजिमका राष्ट्रसेवकहरु समेत उपर सजायको मागदाबी लिइएको तथा सोको सम्बन्धमा सम्मानित बिशेष अदालतबाट निम्नानुसारको फैसला भएको अवस्था विद्यमान छ:<br><br>**क. नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाहीका तत्कालिन शिक्षक प्रतिवादी योगेन्द्र प्रसाद यादवको हकमाः-** नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाही -५, बाराका पूर्व शिक्षक प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ तथा दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १२ बमोजिम कैद र जरिबाना तथा सोही ऐनको दफा १७ ले निर्देशित गरे अनुसार सोही ऐनको दफा ३(१) र ३(१) को (च) बमोजिम कैद र जरिवाना गरी हानी नोक्सानीको बिगो रु.१६,९२,२६९.२५।-(अक्षरेपी सोह्रलाख बयानव्बे हजार दुईसय उनानसत्तरी रुपैंया र पैसा पच्चीस मात्र) ऐ. ऐनको दफा १७ बमोजिम निजबाट असूल उपर गरी पाउन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ ।<br>**ख.** साविक जिल्ला शिक्षा कार्यालय तथा हालको शिक्षा विकास तथा समन्वय इकाइ, बाराका विद्यालय निरीक्षक प्रतिवादी बृज किशोर यादवको हकमाः- प्रतिवादी बृज किशोर यादवले सहप्रतिवादी योगेन्द्र प्रसाद यादवलाई रु. १६,९२,२६९.२५।-(अक्षरेपी सोह्रलाख बयानव्बे हजार दुईसय उनानसत्तरी रुपैंया र पैसा पच्चीस मात्र) लाभ दिलाई सरकारी हानी नोक्सानी गर्न सहयोग मद्दत पुऱ्याएको देखिंदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सहप्रतिवादी योगेन्द्र प्रसाद यादवलाई हुने सरह नै सजाय हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ। | <u>फैसलाः</u><br>प्रस्तुत मुद्दामा कूल १ जनालाई आरोप दावीभन्दा कम सजाय गर्ने र ५ जना प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br><br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u><br>**क.** प्रतिवादी नेपाल राष्ट्रिय आधारभूत विद्यालय,सनफुलवा-७ बाराका शिक्षक धर्मेन्द्र प्रसाद यादवले अर्का प्रतिवादी योगेन्द्र प्रसाद यादवले पेश गरेका कागजात हेर्दा नियमपूर्वक लागेकोले व्यवस्थापन समितिको बैठक नबसाइ निजले पेश गरेका कागजातको आधारमा राजिनामा स्वीकृत गरी शिक्षा विकास तथा समन्वय इकाईमा सिफारिस गरेको र प्रतिवादी योगेन्द्र प्रसाद यादवको विदा प्रमाणित तथा सेवा प्रमाणित गरी शिक्षा विकास तथा समन्वय एकाई वारामा सिफारिस गरि पठाएको तथ्य समेत स्वीकार गरेको देखिएको।<br>**ख.** प्रतिवादीहरु शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका अधिकृत/वि.नि. बृज किशोर यादव, नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाहीका तत्कालिन प्रधानाध्यापक चेथारु प्रसाद कुर्मी, शिक्षा विकास निर्देशना मकवानपुरका कर्मचारी बेद प्रसाद पौडेल, शिक्षा विकास निर्देशनालय, मकवानपुरका तत्कालिन का.मु.निर्देशक दिनेश कुमार श्रेष्ठ र जिल्ला शिक्षा कार्यालय, बाराका तत्कालिन जि.शि.अ. तुलाराम भण्डारीले अर्का प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई विशेष अदालतवाट भ्रष्टाचार मुद्दामा कसूरदार ठहर भएको जानकारी भएको नदेखिएको।<br>**ग.** प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई भ्रष्टाचार मुद्दामा परी निलम्वन भएको अवधिको तलबभत्ता मिलेमतो गरी जानीजानी बदनियतपूर्ण रुपमा उपलव्ध गराएको भन्ने तथ्य ठोस तथा वस्तुनिष्ठ प्रमाणवाट पुष्टी हुन आएको नदेखिएको। | **क.** प्रतिवादी मध्येका योगेन्द्र प्रसाद यादव नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, जमुनिया, कचनर्वा, बाराबाट मिति २०४८।१।१६ देखि शिक्षण पेशामा प्रवेश गरेको र वि.सं.२०६८।४।३ गतेको निर्णयले राम प्राथमिक विद्यालय, भर्वलिया, बरैनियामा सरुवा गरिएकामा वि.सं.२०६९।१२।२१ सम्म सो विद्यालयमा कार्यरत रहेको देखिन्छ।निज प्रतिवादीले सो विद्यालयको प्रधानाध्यापक रहेको बखत विद्यालय व्यवस्थापन समितिको अध्यक्षको हस्ताक्षर किर्ते गरी विद्यालयको वैंक खाताबाट रकम निकाली हिनामिना गरेको कसूरमा निज उपर स.फौ.नं.०७१-CR-००८४ को भ्रष्टाचार मुद्दा दायर भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा पत्राचार समेत भएकोमा उक्त विद्यालयले निलम्बन सम्बन्धी कुनै कारवाही नगरी मिति २०७२।२।३० गते सम्म शिक्षण पेशामा निरन्तरता दिई सो अवधिमा साविक जिल्ला शिक्षा कार्यालय, बारामा कार्यरत प्रतिवादी तुलाराम भण्डारी र अर्का प्रतिवादी बृज किशोर प्रसादले तलब सुविधा निकासा गरी भुक्तानी समेत गराएको तथ्य उक्त विद्यालयका कागजातवाट पुष्टी भएको छ।<br>**ख.** प्रतिवादी योगेन्द्र प्रसाद यादव उपर विशेष अदालतमा दायर भएको ०७१-CR -००८४ नं. को भ्रष्टाचार मुद्दामा निजलाई कसुरदार ठहर गरि उक्त अदालतबाट मिति २०७३।१।१६ गते भएको फैसला कार्यान्वयनको सिलसिलामा साविक जिल्ला शिक्षा कार्यालय, बारामा कार्यरत प्रतिवादी बृज किशोर प्रसादले मिति २०७३।४।२१ मा पेश गरेको रायलाई तत्कालिन जिल्ला शिक्षा अधिकारी धन प्रसाद पोखरेलले सदर गरी च.नं.४८२ मिति २०७३।५।१५ को पत्र साथ आवश्यक कारवाहीका लागि फायल साविक क्षेत्रिय शिक्षा निर्देशनालयमा पठाएको र उक्त पत्र सो निर्देशनालयको द.नं.२६५ मिति २०७३।५।३० मा दर्ता भै शिक्षक व्यवस्थापन शाखामा गएको देखिएता पनि प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई प्रचलित शिक्षा नियमावली, २०५९(छैठौं संशोधन) नियम १४३ को उपनियम (१) को (घ) का आधारमा वर्खास्त गर्ने र तालुक कार्यालयमा पत्राचार गर्ने कुनै कार्य साविक क्षेत्रिय शिक्षा निर्देशनालयमा तत्काल कार्यरत अधिकृतहरु प्रतिवादीहरु दिनेश कुमार श्रेष्ठ र बेद प्रसाद पौडेलबाट भएको देखिदैन।निज प्रतिवादी योगेन्द्र प्रसाद यादवले ने.रा.प्रा विद्यालयका प्रधानाध्यापक रामविलास यादव समक्ष मिति २०७९।२।३० गते देखि लागु हुने गरी शारीरिक कमजोरीको कारण देखाइ मिति २०७९।२।१३ राजीनामा दिएको पत्र अनुसार मिति २०७२।२।२९ गते व्यवस्थापन समितिको बैठक बसी सर्वसहमतिले राजीनामा स्वीकृत गरिएको देखिन्छ।प्रतिवादी शिक्षक योगेन्द्र प्रसाद यादवले मिति २०७२।२।३० गते स्वेच्छिक अबकासका लागि ने.रा.प्रा.वि.रौवाहीमा राजीनामा दिई सोही मिति देखि विद्यालय छाडिसकेकाले उक्त राजीनामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **ग.** नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाहीका तत्कालिन प्रधानाध्यापक प्रतिवादी धर्मेन्द्र प्रसाद यादवको हकमाः- निज प्रतिवादी धर्मेन्द्र प्रशाद यादवले सहप्रतिवादी योगेन्द्र प्रसाद यादवलाई मिति २०७२।२।३० देखिकै अवधिको निबृतभरण समेतको जम्मा रु.१५,८७,२३७।- (अक्षरेपी पन्ध्रलाख सतासीहजार दुईसय सैतिस रुपैया मात्र) बरावरको गैर कानुनी लाभ दिलाई सरकारी सम्पत्ति हानी नोक्सानी गर्न सहयोग र मद्दत पुऱ्याएको देखिंदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सहप्रतिवादी योगेन्द्र प्रसाद यादवलाई हुने सरह नै सजाय हुन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>**घ.** नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाहीका तत्कालिन प्रधानाध्यापक प्रतिवादी चेथारु प्रसाद कुर्मीको हकमा - यी प्रतिवादीले सहप्रतिवादी योगेन्द्र प्रसाद यादवलाई लाभ र सरकारी हानी नोक्सानी पुऱ्याउने कार्यमा मद्दत सहयोग पुऱ्याएको देखिंदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ तथा १७ बमोजिम कसुरको मतियारमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सहप्रतिवादी योगेन्द्र प्रसाद यादवलाई हुने सरह नै सजाय हुन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>**ङ.** साविक जिल्ला शिक्षा कार्यालय, बाराका तत्कालिन जिल्ला शिक्षा अधिकारी प्रतिवादी तुलाराम भण्डारीको हकमा- यी प्रतिवादीले सहप्रतिवादी योगेन्द्र प्रसाद यादवलाई निलम्वन नगरी नियमित रुपमा कामकाजमा लगाउने तथा निज निलम्बन हुनुपर्ने समयदेखि राजीनामा दिएको मितिसम्मको तलव भत्ता समेत निकासा एवं भुक्तानी गरिदिएको कार्यबाट प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई लाभ र सरकारी हानी नोक्सानी गर्न सहयोग/ मद्दत पुऱ्याएको देखिंदा | | स्वीकृतिका लागि शिक्षा विकास तथा समन्वय इकाइ, बारामा सक्कलै सिफारिस पत्र सहित निजको संचित विरामी विदा २०७२।२।३० सम्म २६० दिन रहेको, स्थायी सेवा अवधि २४ बर्ष १ महिना १४ दिन र विभागीय सजाय नपाएको, तलव रु.१८,८००।- र ग्रेड रु.१,४४०।- रहेको, मिति २०७२।२।३० गते सम्म तलब भत्ता बुझेको तथा बरबुझारथ बाँकी नभएको विवरण उल्लेखित कागज संलग्न गरी उक्त विद्यालयमा राजीनामा पेश गरेको पाँच बर्ष पछाडि सो विद्यालयमा कार्यरत प्रधानाध्यापक धर्मेन्द्र यादवले राजीनामा स्वीकृतिका लागि सिफारिस गरेको देखिन्छ।शिक्षक योगेन्द्र प्रसाद यादव ने.रा.प्रा.वि.रौवाही-५ ले मिति २०७९।२।१३ मा राजीनामा स्वीकृतका लागि सनाखत गरेको र मिति २०३९।२।१३ देखि मिति २०७२।२।३० सम्म अविछिन्न सेवारत रहेको तथा सो अवधिमा अध्ययन विदा, असाधरण विदा, बेतलवी विदा, विभागीय सजाय नभएको, औषधि उपचार खर्च नलिएको समेत उल्लेख गरी निजको सेवा अवधि अस्थायी ८ बर्ष ११ महिना ३ दिन र स्थायी २४ बर्ष १ महिना १४ दिन रहेको व्यहोरा तत्कालिन शिक्षा विकास तथा समन्वय इकाइ, बाराका निमित्त इकाइ प्रमुख बृजकिशोर प्रसादले प्रमाणित गरी राष्ट्रिय किताबखाना (शिक्षक) म्यूजियम मार्ग, छाउनी, काठमाडौंमा च.नं.१२००, मिति २०७९।३।८ गते प्रेसित गरेको पत्र र निबृत शिक्षकको सुविधा सम्बन्धमा शिक्षक किताबखानालाई प्रेसित च.नं.१२०१, मिति २०७९।३।८ गतेको पत्रवाट देखिन्छ। यसरी प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई सरकारी कागजात लुकाई गैह कानूनी तरीकाले निबृतिभरण दिलाउन सहयोग पुऱ्याउने कार्यमा प्रतिवादीहरु बृज किशोर प्रसाद, धर्मेन्द्र प्रसाद यादव, चेथारु प्रसाद कुर्मी, दिनेश कुमार श्रेष्ठ, वेद प्रसाद पौडेल र तुलाराम भण्डारी को संलग्नता रहेको देखिदा देखिदै विशेष अदालत काठमाण्डौबाट प्रतिवादी योगेन्द्र प्रशाद यादवले विद्यालयमा राजीनामा पेश गरेको पाँच बर्ष पछाडि राजीनामा स्वीकृतिका लागि सिफारिस गर्ने प्रतिवादी, धर्मेन्द्र प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई भए सरह सजाय गर्नु पर्नेमा आधा सजाय अर्थात १ (एक) वर्ष ३ (तीन) महिना कैद र रु.८,४६,१३४।६२(अक्षरेपी आठ लाख छयालिस हजार एकसय चौतिस रुपैंया बैसट्टी पैसा) जरिवाना हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>**ग.** नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाहीका तत्कालिन प्रधानाध्यापक प्रतिवादी धर्मेन्द्र प्रसाद यादवले प्रतिवादी योगेन्द्र प्रशाद यादव नेपाल राष्ट्रिय प्रा.वि.रौवाही-५ बारामा कार्यरत नै नरहेको, करीब सात बर्ष पहिले नै मिति २०७२।२।३० गते दिएको राजीनामा स्वतः शंकास्पद देखिएको अवस्थामा सोको यथार्थता बुझी आफू प्रधानाध्यापक पदमा रहेको बखत बहाल रहेको विद्यालय व्यवस्थापन समितिको बैठक र निर्णय सहित स्वीकृतिका लागि पठाउनु पर्नेमा सो गरेको नदेखिएको, निजले प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई लाभ पुऱ्याउने बदनियत तथा मिलेमतो गरी व्यवस्थापन समितिको सिफारिस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियारमा सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>**च.** साविक क्षेत्रिय शिक्षा निर्देशनालय, हेटौंडाका तत्कालिन का.मु. निर्देशक दिनेश कुमार श्रेष्ठ र शाखा अधिकृत बेद प्रसाद पौडेलको हकमा - यी प्रतिवादीहरुले सहप्रतिवादी योगेन्द्र प्रसाद यादव विशेष अदालत, काठमाडौंबाट भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेको अवस्थाको जानकारी हुँदाहुँदै निजलाई शिक्षक पदबाट बर्खास्त गर्ने सम्बन्धमा कुनै कारवाही अगाडी नबढाई प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई लाभ र सरकारी हानी नोक्सानी गर्न सहयोग मद्दत पुर्‍याएको देखिंदा निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियारमा सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ<br>विशेष अदालतको फैसलाः<br>**छ.** प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (१२) वमोजिम १(एक) वर्ष कैद र रु.२०,०००।—(वीस हजार जरिवाना) हुने । निज प्रतिवादीलाई सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र सोही दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिमको कसूरमा २ (दुई) वर्ष ६ (छ) महिजा कैद र बिगो रु.१६,९२,२६९.२५।-(अक्षरेपी सोह्लाख बयानव्वे हजार दुईसय उनानसत्तरी रुपैंया पच्चीस पैसा) जरिवाना हुने र सो विगो समेत निज प्रतिवादीवाट असुल उपर हुने ठहर्छ।<br>**ज.** प्रतिवादी धर्मेन्द्र प्रसाद यादवलाई सोही ऐनको दफा २२ बमोजिम प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई भएको सजायको आधा सजाय अर्थात १ (एक) वर्ष ३ (तीन) महिना कैद र रु.८,४६,१३४।६२(अक्षरेपी आठ लाख छयालिस हजार एकसय चौतिस रुपैंया बैसट्ठी | | बेगरै निज योगेन्द्र प्रसाद यादवलाई कुनै विभागीय कारवाही नभएको झुट्टा व्यहोरा र निजको विदा साथै सेवा प्रमाणित सम्बन्धी कागजात सहित राजीनामा स्वीकृतिका लागि शिक्षा विकास तथा समन्वय इकाइ, बारामा लेखि पठाएको देखिन्छ। नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाहीका तत्कालिन प्रधानाध्यापक प्रतिवादी चेथारु प्रसाद कुर्मीले आफू नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाहीमा प्रधानाध्यापक रहेको अवधिमा सोही विद्यालयको शिक्षक पदमा कार्यरत रहेका सहप्रतिवादी योगेन्द्र प्रसाद यादव उपर निज अर्को विद्यालयमा कार्यरत रहँदा सरकारी हानी नोक्सानी पुर्‍याएको भनी मिति २०७१।६।६ मा भ्रष्टाचार मुद्दा दायर भएको अवस्थामा स्वतः निलम्वन हुने शिक्षकलाई सो मुद्दा सम्बन्धी कागजात लुकाई मुद्दा दायर भएको मितिदेखि निजले राजीनामा दिएको मितिसम्म नपाउने नियम विपरीतको रु.१,०५,०३२.२५।-(अक्षरेपी एकलाख पाँचहजार बत्तीस रुपैंया पैसा पच्चीस मात्र) तलब भत्ता भुक्तानी गर्नुका साथै मिति २०७२ जेठ महिना पछाडिका तलव भत्ता निकासा भर्पाइ, संचयकोष कट्टी, विमा कट्टी, बैठक पुस्तिका, हाजिरी रजिष्टर, दर्ता किताब लगायतका कागजात लुकाउने वा नष्ट गर्ने र आफू शिक्षकको हैसियतमा नरहेको अवकास भैसकेको अवस्थामा मिति २०७९।२।१३ गते सहप्रतिवादी योगेन्द्र प्रसाद यादवले दिएको मिति २०७२।२।३० गतेको राजीनामा प्रधानाध्यापक/शिक्षकको हैसियतले सनाखत गर्ने समेतका कार्य गरेको देखिन्छ। यसै गरि शिक्षा विकास तथा समन्वय इकाइ, बाराका तत्कालिन इकाइ प्रमुख बृज किशोर प्रसादले सहप्रतिवादी योगेन्द्र प्रसाद यादव उपर भ्रष्टाचार मुद्दा दायर भएको जानकारी सहित आवश्यक कारवाहीका लागि पठाईएको पत्र कार्यालयमा दर्ता भएको अवस्थामा कार्यालयको विद्यालय प्रशासन शाखाको प्रमुखको हैसियतमा निलम्वनको कारवाही अगाडी बढाउनु पर्ने आफ्नो दायित्व समेत पुरा नगरी उल्टै प्रतिवादी योगेन्द्र प्रसाद यादवको तलव निकासा गर्न शिफारिस गर्ने तथा विशेष अदालतबाट निजलाई कसुरदार ठहर गरी मिति २०७३/१/१६मा भएको फैसला कार्यान्वयन गर्न तत्कालिन कार्यालय प्रमुख धन प्रसाद पोखरेल समक्ष मिति २०७३।४।२१ मा टिप्पणी पेश गर्ने यिनै प्रतिवादीले मिति २०७९।३।७ गते सहप्रतिवादी योगेन्द्र प्रसाद यादवको राजीनामा मिति २०७२।२।३० देखि लागु हुने गरी स्वीकृत गरी निजको औषधि उपचार, विरामी विदा तथा निबृतभरण उपलव्ध गराउनका लागि राष्ट्रिय कितावखाना (शिक्षक), ताहाचल, काठमाडौंमा लेखि पठाउने समेतको कार्य गरेको देखिन्छ। साविक जिल्ला शिक्षा कार्यालय, बाराका तत्कालिन जिल्ला शिक्षा अधिकारी प्रतिवादी तुलाराम भण्डारीले सहप्रतिवादी योगेन्द्र प्रसाद यादवलाई निलम्वन नगरी नियमित रुपमा कामकाजमा लगाउने तथा निज निलम्बन हुनुपर्ने समयदेखि राजीनामा दिएको मितिसम्मको तलव भत्ता समेत निकासा एवं भुक्तानी गरिदिने समेतका कार्य गरेको देखिन्छ। क्षेत्रिय शिक्षा निर्देशनालय, हेटौंडाका तत्कालिन का.मु. निर्देशक दिनेश कुमार श्रेष्ठ र शाखा अधिकृत बेद प्रसाद पौडेलले सहप्रतिवादी योगेन्द्र प्रसाद यादव विशेष अदालत, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पैसा) जरिवाना समेत हुने ठहर्छ।<br>**झ.** प्रतिवादीहरु बृज किशोर यादव, चेथारु प्रसाद कुर्मी, बेद प्रसाद पौडेल, दिनेश कुमार श्रेष्ठ र तुलाराम भण्डारीलाई आरोप दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ । | | काठमाडौंबाट भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेको अवस्थाको जानकारी हुँदाहुँदै निजलाई शिक्षक पदबाट बर्खास्त गर्ने सम्बन्धमा कुनै कारवाही अगाडी नबढाई प्रतिवादी योगेन्द्र प्रसाद यादवलाई लाभ र सरकारी हानी नोक्सानी गर्न सहयोग मद्दत पुऱ्याएको देखिंदा देखिदै उपरोक्त तथ्य प्रमाणहरुको विशलेषण नगरि प्रतिवादीहरुलाई आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण देखिदा बदरभागी छ। |